# थलारा गाउँपालिकाको आर्थिक ऐन, २०८१

**प्रस्तावनाः** थलारा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थलारागाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि थलारा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।यस अघि आर्थिक वर्ष २०८१/०८२ थलारा गाउँपालिकाबाट संकलन गरिएको कर,शुल्क लगायतका दस्तुर यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पति कर विस्तृत अध्ययन गरे पश्चात लगाइने छ । गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

थलारा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ...जोली, बझाङ, ... नेपाल

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरे पछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसुचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **दण्ड जरिवानाः** यस ऐन बमोजिम समयमा कर, शुल्क, दस्तुर नबुझाउने, असोज मसान्तसम्म व्यवसाय नविकरण नगर्ने पक्षलाई ५ प्रतिशत जरिवाना लाग्ने तथा मालपोत र भुमिकर एक आ.व. भित्र नबुझाउनेलाई ३५ प्रतिशत जरिवाना लाग्ने।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि अनुसूची (१२) मा व्यवस्था भए बमोजिम हुने छ ।दण्ड, जरिवाना तथा कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तयार गर्न सक्नेछ ।

तलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची - १

(ऐनको दफा २ सँग सम्बन्धित)

# घर कर

| सि. न. | घरको विवरण | आ.व २०८१/०८२ का लागि | | कै. |
|---|---|---|---|---|
| | | आवशिय प्रयोजन | व्यवशाय प्रयोजन | |
| १. | ढुङ्गा माटोको जोडाई खरको छाप्रो | २० | ३० | |
| २. | ढुङ्गा माटोको जोडाइ २/३ तले खरको छाप्रो भएको घर | ३० | ३० | |
| ३. | ढुङ्गा माटोको जोडाइ टनको छाप्रो | ४० | १०० | |
| ४. | ढुङ्गा माटोको जोडाइ २/३ तले टिन वा ढुङ्गाको छानो भएको बारतलि सहितकव घर | ७० | १५० | |
| ५. | ढुङ्गा माटो सहितको सिमेन्ट पलाष्टर गरेको घर | ८० | १६० | |
| ६. | पिलर बसम सहितको टिनले छाएको बिना ढलानको घर | १०० | २०० | |
| ७. | पिलर बसम सहितको टिनले छाएको ढलान गरिएको घर | २०० | ३०० | |
| ८. | नक्सा पास निवेदन फाराम दस्तुर | २०० | ५०० | |

## अनुसूची - २

(ऐनको दफा ३ सँग सम्बन्धित)

# भूमि कर/मालपोत कर

| सि. न. | वर्ग | न्यूनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १. | अब्बल | ३५ | २५ | १५ | ५ |
| २. | दोयम | ३० | २० | १० | ५ |
| ३. | सिम | २५ | १५ | १० | ५ |
| ४. | चाहार | १५ | १० | ५ | ३ |

## अनुसूची - ३

(ऐनको दफा ४ सँग सम्बन्धित)

# घर बहाल कर

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | भवन | भाडाको १०% |
| २ | घर | भाडाको १०% |
| ३ | पसल | भाडाको १०% |
| ४ | ग्यारेज | भाडाको १०% |
| ५ | जग्गा | भाडाको १०% |
| ६ | गोदाम | भाडाको १०% |
| ७ | टहरा, छप्पर | भाडाको १०% |
| ८ | पोखरी | भाडाको १०% |

अनुसूची - ४

(ऐनको दफा ५ सँग सम्बन्धित)

## व्यवसाय कर

| क.सं. | विवरण | | आ.व २०८०/८१ (वार्षिक) | आ.व २०८१/८२ (वार्षिक) |
|---|---|---|---|---|
| १. | मदिरा पसल दर्ता/नविकरण | थोक | २५०००/१०००० | २५०००/१०००० |
| | | खुद्रा | १५०००/५००० | १५०००/५००० |
| २. | सुनचाँदी पसल दर्ता/नविकरण | खुद्रा पसल र मर्मत | २५००/१००० | ३०००/१२०० |
| ३. | औषधी पसल दर्ता/नविकरण | थोक | ८०००/४००० | ८०००/४००० |
| | | खुद्रा | ५०००/२५०० | ५०००/२५०० |
| ४. | माछामासु बिक्री पसल दर्ता/नविकरण | | ३५००/२००० | ३५००/२००० |
| ५. | आयुर्वेदिक औषधी पसल दर्ता/नविकरण | | ५०००/२५०० | ५०००/२५०० |
| ६. | एग्रोभेट पसल दर्ता/नविकरण | | ३०००/१५०० | ३०००/१५०० |
| ७. | स्टेशनरी तथा पुस्तक पसल दर्ता/नविकरण | | ३०००/१५०० | ३०००/१२०० |
| ८. | कस्मेटिक पसल दर्ता/नविकरण | | २०००/१००० | २०००/१००० |
| ९. | मोटर पार्ट्स/मर्मत दर्ता/नविकरण | | २०००/८०० | २०००/८०० |
| १०. | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल दर्ता/नविकरण | | ३०००/१५०० | ३०००/१२०० |
| ११. | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | | ३०००/१५०० | ३०००/१२०० |
| १२. | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | | ३०००/१५०० | ५०००/१५०० |
| १३. | पेट्रोलियम पदार्थ | | ३०००/१५०० | ३०००/१५०० |
| १४. | स्टिल आलमुनियम पसल | खुद्रा | ५०००/२५०० | ५०००/२५०० |
| १५. | फर्निचर | | १७०० | २०००/१२०० |
| १६. | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १७०० | २०००/१२०० |

थलारा गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | हाते मेसिन | ६०० | १०००/५०० |
| १७. | फलफूल/तरकारी पसल | | ६०० | ७००/४०० |
| १८. | उपहार/ गिफ्ट/ खेलौना पसल | | ६०० | १०००/५०० |
| १९. | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | | ११०० | १५००/१००० |
| २०. | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा<br>रु ५ लाख सम्म<br>रु ५ लाख देखी १० लाख सम्म<br>रु १० लाख देखी २० लाख सम्म<br>रु २० लाख भन्दा माथी | | <br><br>१०००<br>१५००<br>२०००<br>३००० | <br><br>१०००<br>१५००<br>२०००<br>३००० |
| २१. | पेन्टर/ साइनबोर्ड लेख्ने | | १५०० | १५००/१००० |
| २२. | निर्माण व्यवसायी | | १००००/५००० | १००००/५००० |
| २३. | कृषि तथा पशुपन्छि व्यवशाय तथा फर्म दर्ता /नविकरण | | ८००/५०० | ८००/५०० |
| २४. | अन्य समुह तथा संजाल दर्ता/नविकरण | | ८००/ ५०० | ८००/५०० |
| २५. | खानेपानी मुहान दर्ता | | १५०० | १५००/५०० |
| २६. | पशु चौपाया ओसार पोसार प्रति गोटा | | ३०० | ५०० |
| २७. | जुत्ता सिलाई पसल | | | ५००/२०० |
| २८. | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | | |
| | **उत्पादनमूलक उद्योग** | | | |
| २९. | ग्रील उद्योग | | ४०००/२००० | ४०००/२००० |
| ३०. | जुत्ता उद्योग | | २०० | ३००/१५० |
| ३१. | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | ६०० | ६००/३०० |
| ३२. | कपडा तथा गार्मेन्ट सिरक डस्ना उद्योग | | ६०० | ६०० |
| ३३. | कुटानी पेलानी/ मिल/ मसला | | १५०० | १५००/१००० |
| ३४. | डेरी उद्योग/ व्यवसाय | | १५००/१०० | १५००/७०० |

| | | | | |
|---|---|---|---|---|
| ३५. | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज / नुडल्स/ दालमोठ/ पाउरोटी चाउमीन/ पापड चिप्स | ३०००/१५०० | ३०००/१५०० |
| ३६. | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | | ४०००/२००० | ४०००/२००० |
| ३७. | **होटल लज रेष्टुरेन्ट** | होटल र लज | ३५००/१७०० | ३५००/१७०० |
| | | चिया र खाजा पसल | १०००/५०० | १०००/५०० |
| | | खाना, खाजा-नास्ता पसल (मदिरा रहित) | २५००/१२०० | २५००/१२०० |
| | **सेवा उद्योग** | | | |
| ३८. | सञ्चार | एफ.एम. प्रसारण | २०००/१००० | २०००/१००० |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | २०००/१००० | २०००/१००० |
| | | | | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | ३०००/१५०० | ३०००/१५०० |
| ३९. | वित्तीय | वाणिज्य बैंक प्रति शाखा | १५०००।०० | १५०००।०० |
| | | विकास बैंक प्रति शाखा | १०००० | १०००० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ८००० | ८००० |
| | | लघु वित्त | | |
| | | | १५०० | १५०० |
| | | मनी ट्रान्सफर | १२०० | १२०० |
| | | वित्तीय/ वचत/ऋण | ८०० | ८०० |

| | | | | |
|---|---|---|---|---|
| | | सहकारी संस्था | | |
| ४० | | उपभोक्ता/कृषि/ महिला सहकारी | ६०० | ६०० |
| ४१. | स्वास्थ्य सेवा व्यवसाय | दाँत बनाउने पसल | ३००० | ३००० |
| | | क्लिनिक तथा ल्याब | ३००० | ३००० |
| | | चस्मा पसल | १५०० | १५०० |
| | | मावि | १५०० | १५०० |
| | | आधारभूत | १२०० | १२०० |
| | | ट्युशन सेन्टर | १५०० | १५०० |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्द | २००० | २००० |
| | | ट्युशन सेन्टर | १५०० | १५०० |
| ४२. | मर्मत सम्भार | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १२०० | १२००/५०० |
| | | मोटरसाइकल मर्मत | ४०००।२००० | ४०००।२००० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत | ५०००।२५०० | ५०००।२५०० |
| | | अन्य विविध मर्मत | ४०००।२००० | ४०००।२००० |
| ४३. | ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | ८०० | ८००/५०० |
| ४४. | फूल विरुवा पसल/ नर्सरी | | | १०००/५०० |

| | | | | |
|---|---|---|---|---|
| ४५. | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | १०००० | १०००० |
| | | अन्तराष्ट्रिय | १५००० | १५००० |

अनुसूची - ५

(ऐनको दफा ७ सँग सम्बन्धित)

## सवारी कर

| क.सं. | सवारी साधनको किसिम | वार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल | १००.०० | |
| २ | प्राइभेट कार जिप भ्यान | ३०००.०० | |
| ३ | भाडा कार जीप भ्यान | १००००.०० | |
| ४ | ट्र्याकटर | १५०००.०० | |
| ५ | मिनिबस बस ट्रक | १५०००.०० | |
| ६ | हेभी गाडी डोजर क्रेन | ३००००.०० | |

अनुसूची - ६

(ऐनको दफा ८ सँग सम्बन्धित)

## विज्ञापन कर

| क.सं. | प्रकार | वार्षिक कर रु. | कफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १०००.०० | |
| २ | पर्खाल बार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | १०.०० | |
| ३ | पोल व्यानर | १००.०० | |
| ८ | साइनबोर्ड प्रति वर्ग फूट | २००.०० | |

अनुसूची - ७

(ऐनको दफा ९ सँग सम्बन्धित)

## मनोरञ्जन कर

| क.सं. | विवरण | बार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १ | जादु सर्कस प्रति पटक | २००.०० | |
| २ | नाटक प्रति पटक | २००.०० | |
| ३ | दोहोरी साँझ वार्षिक | २००००.०० | |
| ४ | मेला महोत्सब | ५०००.०० | |

अनुसूची - ८

(ऐनको दफा १० सँग सम्बन्धित)

## बहाल विटौरी शुल्क

| क्र.सं. | विवरण | | कर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | हाटबजार | प्रति स्टल/ बार्षिक | १०००.०० | भइसकेपछि |
| २. | पसल | प्रति पसल/बार्षिक | १०००.०० | भइसकेपछि |
| ३. | हल भाडा गा.पा भित्र | प्रति दिन | १५००.०० | |
| ४. | हल भाडा गै.स.स, संघ संस्था | प्रति दिन | २०००.०० | |
| ५. | कुर्सी | प्रतिदिन | ५.०० | |
| ६. | प्रोजेक्टर भाडा गा.पा भित्र | प्रतिदिन | ५००.०० | |
| ७. | प्रोजेक्टर भाडा गै.स.स, संघ संस्था | प्रतिदिन | ५००.०० | |
| ८. | हल भाडा वडा कार्यालय | प्रतिदिन | १०००.०० | |

अनुसूची - ९

(ऐनको दफा ११ सँग सम्बन्धित)

## पार्किङ्ग शुल्क

| क्र.सं. | सवारी किसिम | प्रति दिन शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल | १०.०० | पार्किङ्गस्थल व्यवस्थापन पछी |
| २ | कार | २०.०० | |
| ३ | बस ट्रक | ५०.०० | |
| ४ | ट्र्याक्टर | ४०.०० | |

अनुसूची - १०

(ऐनको दफा १३ सँग सम्बन्धित)

**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | विवरण | | शुल्क, दस्तुर रु | कैफियत |
|---|---|---|---|---|
| १. | घरजग्गा नामसारी सिफारीस | | ५००.०० | |
| २. | घर कायम सिफारीस | पक्की घर | २००.०० | |
| | | कच्ची घर | १००.०० | |
| ३. | सरजमिन सिफारीस दस्तुर | | २००.०० | |
| ४. | छात्रवृति सिफारीस | | निःशुल्क | |
| ५. | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निःशुल्क | |
| ६. | अपाङ्गता भएको सिफारीस | | निःशुल्क | |
| ७. | अस्थाइ बसोबास सिफारीस | | २००.०० | |
| ८. | स्थायी बसोबास सिफारीस | | २००.०० | |
| ९. | नागरिकता सिफारीस र प्रतिलिपि | वंशज | १००.००/२००.०० | |
| | | अंगिकृत | ५००.०० | |
| १०. | विद्युत जडान सिफारीस | | २००.०० | |
| ११. | धारा जडान सिफारीस | | २००.०० | |
| १२. | जीवित रहेको सिफारीस | | २००.०० | |
| १३. | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १००.०० | |
| १४. | व्यवसाय बन्द सिफारीस | | १००.०० | |
| १५. | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००.०० | |
| १६. | व्यापार व्यवसाय नभएको सिफारीस | | १००.०० | |
| १७. | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | |
| १८. | नाबालक परिचयपत्र सिफारीस | | १००.०० | |
| १९. | चौपाया सम्बन्धी सिफारीस | | १००.०० | |
| २०. | व्यवसाय दर्ता सिफारीस | | १२००.०० | |
| २१. | उद्योग ठाउँसारी सिफारीस | | ३०००.०० | |
| २२. | विद्यालय ठाउँसारी सिफारीस | | १०००.०० | |
| २३. | आन्तरिक बसाइसराइ सिफारीस | | २००.०० | |

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| २४. | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १०००.०० | |
| २५. | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००.०० | |
| २६. | जग्गा दर्ता सिफारीस | | २००.०० | |
| २७. | संरक्षक सिफारीस व्यक्तिगत | | १००.०० | |
| २८. | संरक्षक सिफारीस संस्थागत | | १००.०० | |
| २९. | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १५०.०० | |
| ३०. | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निःशुल्क | |
| | | सशुल्क उपचारको लागि | निःशुल्क | |
| ३१. | संस्था दर्ता सिफारीस | | ५००.०० | |
| ३२. | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २००.०० | |
| ३३. | जीवित सँगको नाता प्रमाणित | | १००.०० | |
| ३४. | मृतकसँगको नाता प्रमाणित | | २००.०० | |
| ३५. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | १५००.०० | |
| ३६. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क | |
| ३७. | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | २०० | |
| ३८. | चारकिल्ला प्रमाणित | | २००.०० | |
| ३९. | जन्ममिति प्रमाणित | | १००.०० | |
| ४०. | घर बाटो प्रमाणित | बाटो भएकोमा | ५००.०० | |
| | | बाटो नभएकोमा | २००.०० | |
| ४१. | विवाह प्रमाणित | | २००.०० | |
| ४२. | जन्म प्रमाणित | | २००.०० | |
| ४३. | मृत्यु प्रमाणित | | २००.०० | |
| ४४. | बसाइ सराइ प्रमाणित | | २००.०० | |
| ४५. | सम्वन्ध बिच्छेद प्रमाणित | | २००.०० | |
| ४६. | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००.०० | |
| ४७. | हकवाला वा हकदार प्रमाणित | | २००.०० | |
| ४८. | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५००.०० | |
| | | कच्ची | २००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ४९. | अविवाहित प्रमाणित | | १००.०० | |
| ५०. | अपुताली सिफारिस | | २००.०० | |
| ५१. | अन्य सिफारीस वा प्रमाणित | सिफारिस<br>प्रमाणित | १००.००<br>२००.०० | |
| ५२. | अङ्ग्रेजी सिफारिस वा प्रमाणित | सिफारिस/प्रमाणित | ३००.०० | |
| ५३. | अंशवण्डा सिफारिस | सिफारिस | ५००.०० | |
| | नोटः सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | |

माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ३०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपैयाँ दस्तुर लाग्नेछ ।

| | दर्ता शुल्क | | | |
|---|---|---|---|---|
| ५४. | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ५५. | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ५६. | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ५७. | सम्बन्ध विच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ५८. | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००.०० | |
| ५९. | दुर्गम सिफारिस | | १०० | |
| ६०. | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ५ लाख भन्दा मुनि | | ५०० | |
| ६१. | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ५ लाख देखि १० लाख मुनि | | १००० | |
| ६२. | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु १० लाख देखि १५ लखा भन्दा मुनि | | १५०० | |
| ६३. | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु १५ लाख देखि ३० लखा भन्दा मुनि | | २००० | |

| | | | | |
|---|---|---|---|---|
| ६४. | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ३० लाख देखि ५० लाख मुनि | | ३००० | |
| ६५. | आयोजना सम्झौता सिफारिस र सम्पन्न/भुक्तानी रु ५० लाख भन्दा माथि | | ५००० | |
| ६६. | घर नक्सा पास कर(प्रति बर्ग मि)<br>क. भुइतला आवसिय<br>ख. भुइतला व्यवशायी<br>ग. दोस्रो तला आवसिय<br>घ. दोस्रो तला व्यवशायी<br>ङ. तेस्रो तला आवसिय<br>च. तेस्रो तला व्यवशायी | | <br>४<br>५<br>५<br>६<br>६<br>७ | |
| ६७. | भ्याकुलोडर प्रति घण्टा तेल डिजेल सहित | | ४५०० | |
| ६८. | टाइपर/लेवल मेसिन प्रतिदिन | | ५०० | |
| ६९. | जि.पि.एस, अल्टीमिटर, एबनि लेवल प्रतिदिन | | ५०० | |
| ७०. | नया व्यवसाय दर्ता (चुक्ता पुँजीको आधारमा) | १ लाख सम्मको | २००.०० | |
| | | १ लाख देखि ५ लाखसम्मको | ५००.०० | |
| | | ५ लाख देखि २० लाख सम्मको | १०००.०० | |
| | | २० लाख देखि माथि | ५०००.०० | |
| ७१. | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००.०० | अवस्था हेरी निशुल्क |
| ७२. | व्यवसाय नविकरण (चुक्ता पुँजीको आधारमा) | १ लाख सम्मको | १००.०० | |
| | | १ लाख देखि ५ लाखसम्मको | २००.०० | |
| | | ५ लाखदेखि २० लाख सम्मको | ३००.०० | |
| | | २० लाखदेखि माथि | १०००.०० | |

अनुसूची - ११

(ऐनको दफा १४ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

| क्र.सं. | पर्यटक किसिम | शुल्क रु | कैफियत |
|---|---|---|---|
| १. | भारत | ५००.०० | |
| १. | सार्क भित्रका (भारत बाहेक) | १०००.०० | |
| २. | एसिया भित्रका | १५००.०० | |
| ३. | अन्य मुलुकका | २०००.०० | |

अनुसूची - १२

(ऐनको दफा १६ सँग सम्बन्धित)

**थलारा गाउँपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुरहरुको विवरण तालिका:**

| क्र.स | करको विवरण | कस्ले तिर्ने | काँहा तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | घर जग्गा कर/ सम्पति कर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त भित्र | |
| २. | घर बहाल कर | घर धनीले वा सम्झौता अनुसार | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म | |
| ३. | मालपोत कर | जग्गा धनीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त सम्म | |
| ४ | व्यवसाय कर | व्यवसायीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म | |
| ५ | सवारी कर | सवारी धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | दर्ता /नविकरण गर्दा | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म/ सोही दिन | |
| ७ | वहाल बिटौरी कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असोज मसान्त सम्म/ सोही दिन | |

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्योली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | विज्ञापन कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | विज्ञापन राख्नु पूर्व | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाँउ कार्यपालिकाको कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | पार्किङ शुल्क | पार्किङ गर्नेले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | पार्किङ हुँदा | |